नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७७/७८ – ११
चलानी नं. : ४१५

CDS and Clearing Ltd.

## प्रेस विज्ञप्ति

आज मिति २०७७ पौष ७ गते यस सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड आफ्नो स्थापनाको दश वर्ष पुरा गरि एघारौं वर्षमा प्रवेश गरेको छ। धितोपत्रको केन्द्रीय निक्षेप सेवा तथा दोस्रो बजारमा हुने धितोपत्रको कारोवारको राफसाफ तथा फछ्यौंट सेवा सञ्चालन गर्ने उद्देश्यले मिति २०६७ पौष ७ गते स्थापना भएको यस कम्पनी समग्र पूँजी बजारको मेरुदण्डको रूपमा परिचित रहेको छ। मिति २०६९ श्रावण १ गतेबाट केन्द्रीय निक्षेप सेवाको औपचारिक सुरुवात गरेको यस लि. ले मिति २०७२ माघ १ गते पश्चात् दोस्रो बजारमा भएका धितोपत्रको कारोबारको राफसाफ तथा फछ्यौंट कार्य अभौतिकृत रूपमा मात्र हुने व्यवस्था गरेको हो।

पूँजी बजारको विकासमा थप टेवा पुर्याउने उद्देश्यले यस लि. ले धितोपत्रको प्राथमिक बजारलाई लक्षित गरि धितोपत्रको सार्वजनिक निष्कासन प्रक्रियालाई स्वचालित गर्ने प्रणाली **सि-आश्वा** प्रणाली, लगानीकर्ताको हात हातमा पूँजी बजारको पहुँच पुर्याउने प्रणाली **मेरो शेयर** , लगानीकर्ताको KYC सम्बन्धी विवरण केन्द्रिकृत रूपमा भण्डारण गर्ने प्रणाली Centralized KYC लगायतका थप सेवाहरू सञ्चालन गरिरहेको छ।

वर्तमान स्थितिमा यस लि. मा २०२ कम्पनीको ६,७५,३२,०२,४८७ कित्ता धितोपत्रहरू सूचिकृत भएका छन् भने ७६ वटा निक्षेप सदस्य मार्फत २३,०१,५५६ हितग्राही खाता खुलेका छन्। कुल सूचीकृत धितोपत्र मध्ये ५,७०,५२,०१,६४६ कित्ता धितोपत्र लगानीकर्ताको हितग्राही खातामा निक्षेप भैसकेको छ। यसै गरि यस लि. ले आफ्नो राफसाफ तथा फछ्यौंट प्रणाली मार्फत १०,४७,५८,२७,११,२७८ रुपैयाँ बराबरको ४५६ वटा कम्पनीको २,५९,७८,३९,०५० कित्ता धितोपत्रको १,०३,९६,६४० वटा कारोबारहरूको राफसाफ तथा फछ्यौंट गरिसकेको छ। यसै गरि हाल **मेरो शेयरका** सक्रिय प्रयोगकर्ताको संख्या १२,५९,७६० रहेको छ भने सार्वजनिक निष्कासनका क्रममा आवेदन दिनेको संख्या १०,८२,२२६ पुगेको छ।

पूँजी बजारको विकास तथा लगानीकर्ताको सेवाका लागि सदैव सक्रिय रूपमा क्रियाशिल रहेको यस लि. को स्थापनाको एक दशकको यात्रामा विभिन्न क्षेत्रबाट सहयोग, सुझाव तथा मार्गदर्शन गर्नुहुने सम्पूर्ण सरोकारवाला पक्षहरूलाई हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पूँजी बजारको विकासका लागि अझ प्रभावकारी रूपमा लाग्ने र समग्र बजारको आवश्यकता अनुसारका विभिन्न सेवाहरू थप गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौं।

मितिः २०७७।०९।०७

२०७७।९।७

पूर्णप्रसाद आचार्य

प्रमुख कार्यकारी अधिकृत

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4260386/4216068/4260783, Fax: +977-1-4240357
Email: info@cdsc.com.np, Website: www.cdsc.com.np